इनरुवा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

इनरुवा, सुनसरी

Inaruwa Municipality

# Office of the Municipal Executive

Inaruwa, Sunsari

Province no.1,Sunsari

Nepal

फोन नं. ५६०१३७, ५६०१४२, ५६०१२८, ५६०८७७, ५६००७७, ५६०००६

बारुण यन्त्र: ५६०१०१

प.सं.: २०७६।०७७

च.नं.

मिति:२०७७०२।२०

## सेनिटरी प्याड खरिद सम्बन्धी शिलवन्दी दरभाउपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०७७।०२।२०

यस कार्यालयको स्वीकृत कार्यक्रम अनुसार आ.व.२०७६।०७७ मा सामुदायिक विद्यालयका छात्राहरुलाई नि:शुल्क वितरणको लागि सेनिटरी प्याड खरिद गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक फर्म, संस्था, सप्लायर्स वा कम्पनीबाट देहाय बमोजिमका शर्तहरुको अधिनमा रही रितपूर्वकको शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. इच्छुक खुला दरभाउपत्र दाताहरुले शिलबन्दी दरभाउपत्र दस्तुर वापत तपशिलमा उल्लेख भए बमोजिमको धरौटी रकम बुझाई आ.व. २०७५/०७६ को लागि नवीकरण गरिएको इजाजतपत्र, स्थायी लेखा दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र र आ.व.२०७५/०७ सम्मको कर चुक्ता प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपि पेश गरी कार्यालय समयभित्र यस कार्यालयबाट सम्बन्धित फर्म, संस्था, सप्लायर्स वा कम्पनीको अधिकार प्राप्त प्रतिनिधिले यसै नगरपालिकाको कार्यालयबाट शिलबन्दी दरभाउपत्र सम्बन्धी कागजातहरु खरिद गर्न सक्नेछन् ।

२. दर भाउ पत्र फारम दस्तुर रु.१०००।-(फिर्ता नहुने गरी) यस कार्यालयमा जम्मा गरी सक्कल नगदी रसिद आवश्यक कागजात साथ सम्लग्न गरी प्रथम पटक सूचना प्रकाशित भएका मितिले १५औं दिन(....२०७७।०३।०२...) कार्यालय समयभित्र फारम खरिद गरी सक्नुपर्नेछ । खरिद भएका शिलवन्दी दरभाउपत्रहरु प्रथम पटक सूचना प्रकाशित भएका मितिले १६औं दिन (...२०७७।०३।०३....) को ठिक १२:०० बजेभित्र खाम बाहिर कार्यालयको नाम, ठेगाना, ठेक्का नम्वर, कामको विवरण र ठेक्काको क्षेत्र स्पष्ट उल्लेख गरी यस कार्यालयमा गोप्य शिलबन्दी दरभाउपत्र दर्ता गराउनु पर्नेछ । दर्ता हुन आएका शिलवन्दी दरभाउपत्रहरु प्रथम पटक प्रकाशित मितिले १६ औं दिनको ठिक २:०० वजे शिलवन्दी दरभाउपत्रदाता वा निजको आधिकारिक प्रतिनिधिहरु र कार्यालयका अधिकार प्राप्त प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । शिलवन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधहिरुको अनुपस्थितिमा पनि बोलपत्र खोल्न कुनै वाधा पर्ने छैन ।

३. शिलवन्दी दरभाउपत्रसम्बन्धी कागजात खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ ।

४. शिलवन्दी दरभाउपत्र साथ जमानत वापत उल्लेख भए अनुसारको रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य वैक इनरुवा, शाखामा रहेको खाता नं.२२२००३०३००००००३ मा जम्मा गरी सक्कलै बैंक भौचर अनिवार्य रुपले पेश गर्नुपर्नेछ ।

५. विल अफ क्वान्टिटि, स्पेशिफिकेशन समावेश भएका शिलवन्दी दरभाउपत्र सम्बन्धी कागजातहरु यस कार्यालयबाट उपलब्ध गराइने छ । यो सूचना तथा शिलवन्दी दरभाउपत्र सम्बन्धी कागजातहरुमा उल्लेख भएका शर्त बमोजिम प्राप्त नभएका शिलबन्दी दरभाउपत्र माथि कार्यालयले कुनै कारवाही गर्ने छैन ।

६. शिलवन्दी दरभाउपत्र शर्त सहित भएको, केरमेट नभएको र कार्यालयले उपलब्ध गराएको बोलपत्र पुस्तिकामा कुनै थपघट वा द्रष्टव्य नलेखेको हुनुपर्ने छ । समयभित्र प्राप्त नभएका, रित नपुगेका, सूचना शर्तहरु विपरित भएको बोलपत्र माथि कारवाहि हुने छैन ।

७. शिलवन्दी दरभाउपत्र सम्बन्धी कागजातहरुको प्रत्येक पानाहरुमा शिलवन्दी दरभाउपत्र दाताहरुले दस्तखत गरी फर्मको छाप लगाउनु पर्नेछ शिलवन्दी दरभाउपत्र प्रत्येक आइटम दररेट(भ्याट वाहेकको) अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । केरमेट भएकोमा स्पष्टसँग दस्तखत भएको हुनुपर्नेछ ।

८. एक फर्मको नाममा खरिद भएको शिलवन्दी दरभाउ पत्र अर्को फर्मको नाममा दाखिला गर्न पाइने छैन ।

९. नक्कली कागजात पेश गरी वा मिलेमति गरी दरभाउपत्रमा भाग लिएको पाइएमा त्यस्ता शिलबन्दी दरभाउपत्रदाताको रद्द गरी कालो सूचीमा समावेश गर्न सम्बन्धित निकायमा शिफारिस गरिनेछ ।

१०. शिलवन्दी दरभाउपत्र खरिदकर्ताले सार्वजनिक खरिद कार्यमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको स्व:घोषणपत्र अनिवार्य रुपमा शिलवन्दी दरभाउपत्र साथ पेश गर्नुपर्नेछ ।

११ शिलवन्दी दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित रहनेछ ।

१२. यस सम्बन्धी थप अन्य कुरा बुझ्न आवश्यक परेमा यस कार्यालयमा कार्यालय समयभित्र वा मोवाइल नं. ९८६२९४७७७६ मा सम्पर्क गर्न सकिनेछ ।

१३. यस सूचनामा उल्लेख नभएका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४, र अन्य प्रचलित नियम कानुन अनुसार हुनेछ ।

| ठेक्का नं. | कामको विवरण | धरौटी वापतको रकम | दरभाउपत्र खरिद दस्तुर (फिर्ता नहुने) | कैफियत |
|---|---|---|---|---|
| SQ/१। Goods/०७६-०७७ | सेनिटरी प्याड खरिद | ५४१८० | १०००।- | |